# कोषको नाममा धितो पारित हुने सम्पत्तिको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको रूपमा सूचीकृत हुनका लागि आवेदन दिने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२९ गते)

कोषबाट सञ्चयकर्तालाई प्रदान गर्दै आएको धितोमा आधारित सञ्चयकर्ता सापटी (जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरल सापटी) र संस्थागत कर्जाको धितो सुरक्षणवापत् कोषको नाममा पारित गराई लिनुपर्ने अचल सम्पत्तिको कोषले तोकेको मापदण्डको अधिनमा रही मूल्याङ्कन गर्ने प्रयोजनको लागि योग्य धितो मूल्याङ्कनकर्ता कम्पनीबाट धितो मूल्याङ्कनसम्बन्धी सेवा लिनका लागि बेग्लाबेग्लै सूची दर्ता गर्नुपर्ने भएको हुँदा इच्छुक इजाजत प्राप्त रजिष्टर्ड इन्जिनियरिङ कन्सल्टेन्सी कम्पनीले कोषको मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन कोषले तोकेको आवश्यक कागजातहरूसहित कोषको केन्द्रीय कार्यालयस्थित सम्पत्ति व्यवस्थापन विभाग र कोषका शाखा कार्यालय तथा सेवा केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र प्राप्त हुने गरी दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी सञ्चय कोष**
**सम्पत्ति व्यवस्थापन विभाग**
**पुल्चोक, ललितपुर, फोन नं ५०१००८३, ५०१०१६७**

**पुनश्चः यो सूचनाको विस्तृत विवरण कोषको** website: www.epf.org.np **र सूचना पाटीमा हेर्न सकिनेछ।**

## कोषको नाममा धितो पारित हुने सम्पत्तिको मूल्यांकन गर्न मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुनको लागि आवेदन दिने बारेको सूचना

मिति २०८१/१०/२९

कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आईरहेको धितोमा आधारित सञ्चयकर्ता सापटी (जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरल सापटी) तथा संस्थागत कर्जाको धितो सुरक्षण वापत पारित गराई लिनुपर्ने अचल सम्पत्तिको कोषले तोकेको मापदण्डको अधिनमा रही मूल्याङ्कन गर्ने प्रयोजनको लागि योग्य धितो मूल्याङ्कनकर्ता कम्पनीबाट धितो मूल्याङ्कन सम्बन्धी सेवा लिनको लागि कोषले बेग्लाबेग्लै सूची दर्ता गराउनु पर्ने भएको हुँदा इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड ईन्जिनियरिङ कन्सल्टेन्सी कम्पनीले देहायको शर्त तथा अवस्था अनुरुप हुने गरी धितो मुल्याङ्कन सम्बन्धी कार्यमा कोषको मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत हुनको लागि शाखा कार्यालय विराटनगर, हेटौडा, पोखरा, बुटवल, धनगढी, कोहलपुर, जनकपुर, सुर्खेत तथा सेवा केन्द्र धनकुटा र विर्तामोडको हकमा सोही कार्यालयमा र उपत्यका स्थित कार्यालयको हकमा कोषको केन्द्रीय कार्यालय, पुल्चोक स्थित खरिद शाखामा यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र सूची दर्ताका लागि सिलबन्दी निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>निवेदन साथ पेश गर्नुपर्ने कागजात, शर्त तथा अवस्थाहरु</u>**

### (क) निवेदन साथ पेश गर्नुपर्ने कागजात

१. कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको स्याथी लेखा नम्वर (VAT/PAN)को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।
४. धितो मूल्याङ्कन कार्यमा संलग्न हुने इन्जिनियर, साइट सुपरभाइजर र अन्य कर्मचारीको दस्तखत सहितको वैयक्तिक विवरण, शैक्षिक योग्यता र अनुभवको प्रमाणित कागजात ।
५. कम्पनीको आवश्यक कागजातहरु (Profile) तथा अफिस संरचना ।
६. सूचीकृत हुने सम्वन्धी आवेदन दस्तुर वापतको रकम रु. २०००/-दाखिला गरेको बैंक भौचर ।
७. कालो सूचीमा नपरेको र पेशागत कसुर नगरेको स्व:घोषणा ।
८. आवेदन पेश गर्नको लागि आधिकार प्रत्यायोजन गरिएको भए सो सम्वन्धमा कम्पनीबाट भएको निर्णयको प्रतिलिपि ।
९. आवेदन पेश गर्न एवं संझौता गर्नको लागि प्रदान गरेको अख्तियारनामा ।
१०. कोषको केन्द्रीय कार्यालयमा सञ्चयकर्ता सापटीको धितो मुल्याङ्कनकर्ता कम्पनीको रुपमा सूचीकृत हुनको लागि आवेदन दिने कम्पनीको अधिकृत पूँजी रु २ लाख र शाखा कार्यालय तथा सेवा केन्द्रमा सञ्चयकर्ता सापटीको धितो मुल्याङ्कनकर्ता कम्पनीको रुपमा सूचीकृत हुने कम्पनीको अधिकृत पूँजी रु १ लाख र संस्थागत कर्जाको धितो मुल्याङ्कनकर्ता कम्पनीको रुपमा सूचीकृत हुने कम्पनीको अधिकृत पूँजी रु ५ लाख रहेको प्रमाणित प्रतिलिपि ।
११. धितो मुल्याङ्कनकर्ताको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिने कम्पनीले संस्थागत कर्जाको हकमा समान प्रकृतिको कामको विगत ५ वर्ष र सञ्चयकर्ता सापटीको हकमा विगत २ वर्षको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
१२. धितो मुल्याङ्कनकर्ता कम्पनीमा कार्यरत इन्जिनियर नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

### (ख) शर्त तथा अवस्थाहरु

१. मुल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुनको लागि दर्ता भएका निवेदनहरु मध्येबाट कोषले छनोट गरी मुल्याङ्कनकर्ताको रुपमा स्वीकृत सूची प्रकाशित गरे पश्चात त्यस्तो सूचीमा पर्ने संस्थागत कर्जाको धितो मुल्याङ्कनकर्ता कम्पनीले रु ५ लाख तथा सञ्चयकर्ता सापटीको धितो मुल्याङ्कनकर्ता कम्पनीले केन्द्रीय कार्यालयको लागि रु २ लाख र शाखा कार्यालय तथा सेवा केन्द्रको लागि रु १ लाख कार्य सम्पादन जमानत बापतको रकम जम्मा गरी कोषसंग कबुलियत गर्नुपर्नेछ । कार्य सम्पादन जमानत बापतको रकम नगद जम्मा गर्नेको हकमा कोषले तोकेको बैंकमा रहेको कोषको खातामा नगद जम्मा गरेको सक्कलै भौचर र बैंक जमानत पेश गर्नेको हकमा कुनै वाणिज्य बैंकबाट कोषको नाममा जारी भएको र कबुलियत गर्ने अन्तिम मितिबाट सम्झौता अवधि भन्दा छ महिना बढी म्याद कायम रहेको शर्त रहित बैंक ग्यारेण्टीको सक्कलै प्रति बुझाउनु पर्नेछ ।
२. रीत नपुगेको,माग बमोजिमको कागजात पेश नगरेको र कोषवाट स्वीकृत TOR अनुरुप नभएका आवेदन स्वत: रद्द हुनेछ ।
३. कोषमा प्राप्त निवेदनको मूल्याङ्कन कोषले तोके बमोजिमको Evaluation Criteria बमोजिम हुनेछ र कोषले तोकेको न्यूनतम अंक प्राप्त गर्ने निवेदन सुचिकरणको लागि योग्य हुनेछ । न्युनतम अंक प्राप्त गर्ने सबै आवेदकलाई सुचिकृत गर्न कोष बाध्य हुने छैन ।
४. कोषमा हाल सुचिकृत रहेको कम्पनीले समेत कोषले तोके वमोजिमका कागजपत्रहरु पेश गरी धितो मूल्याङ्कनकर्ताको सूचीमा सूचीकृत हुनु पर्नेछ ।
५. आवेदन सम्वन्धी अन्य बिस्तृत जानकारी आवश्यक भएमा कार्यालय खुलेको दिन कार्यालय समयमा कोषको केन्द्रीय कार्यालय, सम्पत्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिनेछ ।
६. यस विषयमा कुनै द्विविधा भएमा कोषको केन्द्रीय कार्यालय पुल्चोक स्थित खरिद शाखाको फोन नं ०१-५०१०१६७, ०१-५०१००८३ र सम्वन्धित शाखा कार्यालय तथा सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।
७. यो सूचना कोषको website: www.epf.org.np र कोषको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।